# धनौजी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. २०८१।०८२
च.नं. ६०३

मिति : २०८१।०७।२१

**विषय: योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

श्री धनौजी गाउँपालिका
वडा कार्यालय सबै ।

प्रस्तुत विषयमा धनौजी गाउँपालिकाको एघारौं गाउँसभाबाट आ.व. २०८१।०८२ को लागि स्वीकृत योजना तथा कार्यक्रमको विवरण यसैसाथ संलग्न राखी पठाईएको छ। सभाबाट स्वीकृत भएका वडागत योजना तथा कार्यक्रमहरु सञ्चालनको लागि देहाय वमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

**निम्न :**

१. सभाबाट स्वीकृत वडागत योजना तथा कार्यक्रमहरुलाई त्रैमासिक रुपमा विभाजन गरी कुन योजना/कार्यक्रम कहिले र कसको रेखदेखमा र कुन विधिबाट सञ्चालन गर्ने, सोको कार्ययोजना बनाई मिति २०८० कार्तिक मसान्त भित्र गाउँ कार्यपालिकको कार्यालयमा पठाउने ।

२. स्वीकृत योजना मध्ये उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि मिति २०८१ मंसिर १५ गते भित्र उपभोक्ता समिति गठन गरी समितिलाई सम्झौताको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

३. प्राविधिकले समय तालिका बनाई योजनाको लगत ईष्टिमेट, डिजाईन तथा सर्भे गर्न जाने हुँदा सो सम्बन्धमा प्राविधिकसँग समन्वय गर्ने ।

४. मिति २०८१ मंसिर १५ गतेसम्म पनि सम्झौता गर्न नआउने योजना कार्यान्वयन नहुने जानकारी गर्ने/गराउने ।

**५. उपभोक्ता समिति गठन गर्दा पालन गर्नुपर्ने शर्तहरु:**

५.१ उपभोक्ता समिति गठन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै ७(सात) देखि ११ (एघार) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

५.२ समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा ७(सात) दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

५.३ वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडाध्यक्ष वा सदस्य वा कार्यालयले तोकेको कार्यालय प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

५.४ उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

५.५ उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला पदाधिकारी हुनुपर्नेछ ।

५.६ एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै सगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

५.७ उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

५.८ उपभोक्ता समितिले सम्झौता वमोजिम गर्नुपर्ने काम समितिले आफैले गर्नुगराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा गर्न गराउन पाईने छैन ।

५.९ उपभोक्ता समिति गठन गर्दा नियमानुसारको एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति समेत गठन गर्नुपर्नेछ ।

६.० उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्ने निर्णय भएको हुनुपर्नेछ ।

६.१ उपभोक्ता समितिमा आबद्ध व्यक्तिहरु मध्ये अध्यक्ष, सचिव र कोषाध्यक्ष अनिवार्य रुपमा साक्षर तथा अन्य सामान्यतया साक्षर हुनुको साथै आफ्नो घरमा चर्पी भएको हुनुपर्नेछ ।

६.२ उपभोक्ता समितिले कार्यालयले व्यहोर्ने रकमको कम्तिमा १० प्रतिशत देखि २० प्रतिशत सम्म कामको प्रकृतिको आधारमा जनश्रमदान वापत व्यहोर्नु पर्नेछ ।

६.३ गा.पा. तथा वडास्तरमा सञ्चालन हुने सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत बजेटको पूँजीगत बजेटबाट ३ प्रतिशतले हुन आउने रकम कन्टिजेन्सी वापत कट्टा गरिनेछ ।

६.४ उपभोक्ता भेलाको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६.५ अन्य कुरा प्रचलित कानून वमोजिम हुनेछ ।

**७. उपभोक्ता समितिका सदस्यहरुको योग्यता देहाय वमोजिम हुनुपर्नेछ :**

७.१ सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा हुनुपर्नेछ ।

७.२ १८ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।

७.३ फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएका हुनुपर्नेछ ।

७.४ सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको हुनुपर्नेछ ।

७.५ अन्य उपभोक्ता समितिमा सदस्य नरहेको हुनुपर्नेछ ।

७.६ जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालबाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन ।

**८ योजना सम्झौता तथा कार्यान्वयन र भुक्तानी सम्बन्धमा नियमानुसार गर्न गराउनु हुन**

८.१ उपभोक्ता भेलाद्वारा उपभोक्ता समिति गठनको निर्णय ।

८.२ उपभोक्ता समितिको प्रथम बैठकको निर्णय ।

८.३ उपभोक्ता निर्णयलाई वडा कार्यालयबाट प्रमाणित गर्ने र फायलमा राख्ने ।

८.४ उपभोक्ता समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपी, सम्पर्क नम्बर र तीन पुस्ते विवरण ।

८.५ उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको अटो साईजको २ (दुई) प्रति फोटो (बैंक खाता खोल्न र सिफारिसलाई समेत काम लाग्ने)

८.६ उपभोक्ता समिति गठन गरी पठाईएको भनी वडा कार्यालयको सिफारिस पत्र । (गाउँ कार्यपालिकाबाट सम्झौता गर्नेको हकमा)

प्रमुख प्रशासकीय अधिकृत

८.७ उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय प्रतिलिपी ।

८.८ योजना सम्झौताको लागि निवेदन र त्यसमा तोकिएको व्यक्तिबाट हस्ताक्षर तथा उपभोक्ता समितिको छाप लगाउने ।

८.९ स्वघोषणा पत्र र योजना सम्झौता गरिदिने विषयको सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**९. योजनाको अन्तिम बील भुक्तानी माँग गर्दा**

९.१ उपभोक्ता अन्तिमको कार्यसम्पन्न भएको व्यहोराको निवेदन ।

९.२ उपभोक्ता समितिको अन्तिम बिल भुक्तानीको निवेदन ।

९.३ प्राविधिकबाट भएको अन्तिम बील मुल्यांकन, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन ।

९.४ ल्याब टेष्ट रिर्पोट ।

९.५ कार्य सम्पन्न भएको योजनास्थलको फोटोहरु । (३ चरणका फोटोहरु सुरु, कार्य हुँदा र कार्य सम्पन्नको

९.६ वडा समितिको भुक्तानी सिफारिस र अनुगमन प्रतिवेदन ।

९.७ खर्चको सार्वजनिक सूचना ।

९.८ सार्वजनिक लेखा परीक्षण र निर्णय ।

९.९ उपभोक्ता समिति र अनुगमन समितिको निर्णय ।

९.१० योजनाको भौतिक तथा वित्तीय प्रगति विवरण । आदि

नोट : तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा वा सम्झौता नभएमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा गाउँ कार्यपालिकाको कार्यालयले अन्य प्रकृयाद्वारा कार्य गराउन सक्नेछ ।

..........................

सन्तोष प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री योजना तथा प्राविधिक शाखा

धनौजी गा.पा.: यस पत्र बमोजिम योजनाहरुको उ.स. गठन तथा सम्झौताको लागि वडा कार्यालयहरुसंग आवश्यक समन्वय गर्नुहुनका साथै समय तालिका बनाई योजनाको लगत ईष्टिमेट, डिजाइन तथा सर्भे गरी ०८१ मंसिर १५ गते भित्र अनिवार्य रुपमा सम्पन्न गरी पेश गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा : website मा upload गर्नुहुन ।

**अवगतार्थ:**

श्री गा.पा. अध्यक्षज्यू

श्री गा.पा. उपाध्यक्षज्यू

श्री कार्यपालिका सदस्यज्यूहरु